# *एण्टिबायोटिकको सावधानीपूर्वक प्रयोग गर्न हामी **तपाईंको साथ चाहन्छौं**

थोक तथा खुद्रा औषधि विक्रेताहरू

मानव तथा पशुपन्छी संक्रमण नियन्त्रण तथा उपचारका लागि एण्टिबायोटिकहरू **अत्यावश्यक औषधि हुन्**

तर द्रुत गतिमा **एण्टिबायोटिकहरूले प्रभावकारिता** गुमाउँदै गएका छन्

- यी अमूल्य एण्टिबायोटिकहरूको अनुपयुक्त प्रयोगले किटाणुहरूमा एण्टिबायोटिक विरूद्ध प्रतिरोध विकास हुने जोखिम बढ्दछ। किटाणुहरूले प्रतिरोधात्मक क्षमता विकास गरेपछि एण्टिबायोटिकहरूले काम गर्न छोड्छन्। यो प्रक्रियालाई नै एण्टिबायोटिक प्रतिरोध भनिन्छ।
- मानव तथा पशुपन्छी (माछासमेत) को स्वास्थ्य तथा कल्याणका लागि एण्टिबायोटिक प्रतिरोध चुनौतीको रूपमा रहेको छ। नयाँ समूहका एण्टिबायोटिकको आविष्कार हुन नसकेको अवस्थामा हाल उपलब्ध एण्टिबायोटिकलाई नै भावी पुस्ता समेतका लागि सुरक्षित राख्न आवश्यक देखिन्छ।
- हाल प्रयोगमा रहेका एण्टिबायोटिकहरूको निरन्तर उपलब्धता र प्रभावकारिता कायम राख्नु अत्यावश्यक छ। विश्व पशु स्वास्थ्य संगठनका अन्तरराष्ट्रिय मापदण्डहरू अनुरूप जिम्मेवारीपूर्वक तथा विवेकसम्मत रूपले यी अमूल्य औषधिहरूको उपयोग गर्दा यिनीहरूको प्रभावकारिता, बजारीकरणको प्राधिकार तथा उपलब्धता लामो समयसम्म कायम राख्न सकिनेछ।

## तपाईंको साथ चाहन्छौं



“हामी सबैको भूमिका छ, र एण्टिबायोटिकको **विक्रेता**का रूपमा **तपाईंले सहयोग गर्न सक्नुहुन्छ।**”

- एण्टिबायोटिकहरूको उपलब्धता तथा प्रभावकारिता कायम राख्दै मानव तथा पशु स्वास्थ्य सम्वर्द्धन र कल्याण गर्न हामी सबैले पशुपन्छीहरूमा एण्टिबायोटिकहरूको जिम्मेवार तथा विवेकसम्मत प्रयोग सुनिश्चित गर्न आवश्यक छ।
- एण्टिबायोटिक प्रतिरोध विश्व पशु स्वास्थ्य संगठनको प्राथमिकता प्राप्त क्षेत्र हो। आफुले जारी गरेका अन्तरराष्ट्रिय मापदण्डहरूको अवलम्बन गरी एण्टिबायोटिकको जिम्मेवार तथा विवेकसम्मत प्रयोगबारे विश्व पशु स्वास्थ्य संगठनले थोक तथा खुद्रा औषधि विक्रेता लगायत सम्पूर्ण पशु स्वास्थ्यसँग सम्बन्धित सरोकारवालाहरूसँग पैरवी गर्दछ।

@ थप जानकारीको लागि : **www.oie-antimicrobial.com**

# थोक तथा खुद्रा औषधि विक्रेता :
# तपाईंहरू पहरेदार हो

थोक तथा खुद्रा औषधि विक्रेताहरू

- एण्टिबायोटिक लगायतका औषधिहरूको विक्रीवितरण जिम्मेवारीपूर्ण काम हो । त्यसैले विक्रेताहरू एण्टिबायोटिकको प्रभावकारिता तथा उपलब्धताको महत्वका बारेमा जानकार हुनुपर्दछ । उच्च गुणस्तरका मात्र र भेटेरिनरी डाक्टरको सिफारिसमा मात्र एण्टिबायोटिक विक्रीवितरण गर्नुपर्ने कुराको महत्वका बारेमा तपाईंहरू जानकार रहनुपर्दछ ।
- एण्टिबायोटिकको जिम्मेवार तथा विवेकसम्मत प्रयोग भन्नाले एण्टिबायोटिक प्रतिरोधको उदय र विस्तारलाई रोकथाम गर्ने वा घटाउने कार्य मात्र नभई पशु स्वास्थ्य तथा पशु कल्याणको सुधारमा लक्षित व्यवहारिक उपाय तथा सिफारिस समेतलाई जनाउँदछ ।
- एण्टिबायोटिक बजारीकरण र वितरण तपाईंको जिम्मेवारी र नियन्त्रणको क्षेत्रभित्र पर्दछ । तपाईंको नेतृत्व, प्रभाव, व्यावसायिकता र प्रतिवद्धताले एण्टिबायोटिक प्रतिरोध विरूद्धको यो लडाईंमा केन्द्रीय भूमिका निर्वाह गर्दछ ।

## थोक तथा खुद्रा औषधि विक्रेताहरूले पालना गर्नुपर्ने कुराहरू :

१. औषधिका आधिकारिक स्रोतहरू मात्र प्रयोग गर्नुपर्दछ ।

२. भेटेरिनरी एण्टिबायोटिकको व्यवस्थापनका क्रममा भण्डारण तथा ढुवानीका असल अभ्यासहरूको पालना गर्नुपर्दछ ।

३. भेटेरिनरी डाक्टरको सिफारिसमा मात्र एण्टिबायोटिकको विक्रीवितरण हुने सुनिश्चित गर्नुपर्दछ ।

४. सम्पूर्ण औषधिहरूमा लेबल भएको सुनिश्चित गर्नुपर्दछ । औषधिको प्रयोग, म्याद गुज्रने अवधि, अवशेष नष्ट हुने अवधिका बारेमा प्रष्ट र सही जानकारी दिनुपर्दछ ।




५. जिम्मेवार तथा विवेकसम्मत प्रयोगको सिद्धान्तलाई अंगीकार गर्दै विज्ञापनका संहिताको पालना गर्नुपर्दछ ।

६. पहिचानीकरण (ट्रेसएबिलिटी) का लागि औषधिको वितरक, सिफारिसकर्ता, प्रयोगकर्ता, उत्पादनको नाम, ब्याच नम्बर, संख्या, म्याद गुज्रने अवधि सम्बन्धी सम्पूर्ण जानकारीको अभिलेख राख्नु पर्दछ ।

७. एण्टिबायोटिक खपतको अनुगमनका लागि नियमनकारी निकायहरूलाई आवश्यक सहयोगका साथै विक्रीसम्बन्धी विस्तृत तथ्यांक उपलब्ध गराउनुपर्दछ ।

८. सम्पूर्ण कर्मचारीहरू उपयुक्त तालिमप्राप्त भएको सुनिश्चित गर्नुपर्दछ र उनीहरूलाई एण्टिबायोटिकको उचित भण्डारण, ढुवानी तथा नष्ट गर्ने कार्यको तालिम प्रदान गर्नुपर्दछ ।

*सर्वसाधारण समेतले बुझ्ने हुँदा यस पर्चामा एण्टिबायोटिक भन्ने शब्द एण्टिमाइक्रोबियल समूह (जीवाणु, विषाणु, ढुसी विरुद्ध काम गर्ने औषधि) लाई जनाउने गरी प्रयोग गरिएको छ ।

Funded by UK Government

WORLD ORGANISATION FOR ANIMAL HEALTH
Protecting animals, preserving our future

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर